का.जि.प्र.का.द.नं. १००/०५९/६०
२ कात्तिक २०८०,
बिहीबार
19 October 2023,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नुस्

वर्ष २१, अंक २६६ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com


संयुक्त राष्ट्रसंघ दिवस-२०२३ को अवसरमा नेपाली सेनाले बुधबार गरेको कार्यक्रममा जीवित देवी कुमारीको भेषमा प्रस्तुत गर्दै कलाकार । तस्वीरः रत्न श्रेष्ठ, रासस

# कांग्रेसका विद्रोहीलाई असाधारण मत

मुख्यमन्त्री केदार कार्कीले प्रदेशसभाको ९३ मध्ये ८६ मत प्राप्त गरे । कार्कीलाई उनकै दल कांग्रेस २९, एमाले ३९, माओवादी केन्द्र १३, एकीकृत समाजवादी ४ र जनता समाजवादी एक जना सांसदले विश्वासको मत दिए ।


एमालेले चाँडो भन्दा चाँडो सरकारबाट बाहिरिएर आफ्नो नैतिकता प्रदर्शन गरोस् ।

**इन्द्रबहादुर आङ्बो**
**कोशी प्रदेशसभा संसदीय दलका नेता, माओवादी केन्द्र**


सहमतीय सरकारका लागिअधिकतम प्रयास हुन्छ, त्यसका लागि संवाद र सहकार्य हुन्छ ।

**केदार कार्की**
**मुख्यमन्त्री**


सहकार्य र सहमतिका साथ अगाडि बढ्न तयार छौं । तर मूल्य मान्यताहरुलाई धरौटी राखेर संविधान कुल्चिएर तयार हुन्नौं ।

**हिक्मतकुमार कार्की**
**कोशी प्रदेशसभा संसदीय दलका नेता, एमाले**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १ कात्तिक

कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले विश्वासको मत पाएका छन् । कार्कीलाई राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाहेक दलले विश्वासको मत दिएका छन् । यो सँगै राप्रपाले आफूहरु स्वतः प्रमुख प्रतिपक्षी दल भएको बताएको छ ।

९३ सदस्यीय प्रदेश सभामा राप्रपाका ६ जना सांसद छन् । राप्रपाका ६ जना मध्ये एक जना बिरामी भएकाले अनुपस्थित रहे । बाँकी पाँच जनाले मुख्यमन्त्री कार्कीको विपक्षमा मतदान गरे । कार्कीले मागेको विश्वासको मतको पक्षमा ८६ मत खस्यो ।

आफ्नै दल नेपाली कांग्रेस र सत्ता गठबन्धनको संस्थागत निर्णयको विपक्षमा उभिएर विद्रोह गर्दै मुख्यमन्त्री बनेका कार्कीलाई एमालेले समर्थन गरेको थियो । उनै कार्कीलाई विश्वासको मत दिएर गठबन्धन सरकारलाई आफ्नै बनाउने प्रयासमा लागेका छन् । पहिले विद्रोहीलाई सघाएर आफूलाई माथ दिएको एमालेलाई विपक्षमा पुऱ्याउने दाउमा सत्तारुढ दलहरु देखिन्छन् ।

संविधानको धारा १६८ को उपधारा ५ अनुसार मुख्यमन्त्री बनेका कार्कीले प्रदेश सभाको ९३ मध्ये ८६ मत प्राप्त गरे । उपसभामुख सिर्जना दनुवारले मुख्यमन्त्री कार्कीको पक्षमा ८६ मत परेको घोषणा गरिन् । मुख्यमन्त्री कार्कीलाई उनकै दल कांग्रेस २९, एमाले ३९, माओवादी केन्द्र १३, एकीकृत समाजवादी ४ र जनता समाजवादी १ जना सांसदले विश्वासको मत दिए । गठबन्धनलाई चुनौती दिएर प्रदेशको कार्यकारी प्रमुख बन्न पुगेका मुख्यमन्त्री कार्कीले सबैजसो दलको मत पाएका हुन् ।

विश्वासको मत लिएपछि पत्रकारहरुसँग कुरा गर्दै मुख्यमन्त्री कार्कीले प्रदेशमा सहमतिको सरकार बन्ने बताए । 'सहमतीय सरकारका लागि अधिकतम प्रयास हुन्छ, त्यसका लागि संवाद र सहकार्य हुन्छ' उनले भने ।

नेकपा माओवादी केन्द्रका कोशी प्रदेशसभा संसदीय दलका नेता इन्द्रबहादुर आङ्बो भने कोशी सरकारबाट बाहिरिन एमालेलाई सुझाउँछन् । प्रदेशसभा बाहिर पत्रकारहरुसँग कुरा गर्दै आङ्बोले भने, 'एमालेले चाँडो भन्दा चाँडो सरकारबाट बाहिरिएर आफ्नो नैतिकता प्रदर्शन गरोस् ।'

एमालेका कोशी प्रदेश संसदीय दलका नेता हिक्मतकुमार कार्कीले मध्यावधिको विपक्षमा रहँदासम्म सरकारलाई समर्थन गर्ने बताउँछन् । उनी भन्छन्, 'सहकार्य र सहमतिका साथ अगाडि बढ्न तयार छौं । तर त्यसका लागि हाम्रा मुल्य मान्यताहरुलाई धरौटी राखेर संविधान कुल्चिएर तयार हुन्नौं ।'

# रोकिएन भीआईपीको विदेश भ्रमण

अत्यावश्यकबाहेकका विदेश भ्रमण नगर्ने आफ्नै घोषणा लत्याएर सरकार भीआईपीको विदेश भ्रमण स्वीकृत गरिरहेको छ । अझ बिना जानकारी विदेश जाने प्रवृति समस्याकै रुपमा देखा परेको सरोकारवालाहरु बताउँछन् ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १ कात्तिक

उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ चीन भ्रमणमा छन् । तेस्रो बेल्ट एण्ड रोड फोरम फर इन्टरनेसनल कोअपरेसन (बीआरएफ) मा सहभागी हुन गृहमन्त्री श्रेष्ठको नेतृत्वमा सात सदस्यीय टोली चीन गएको हो ।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत बुधबार थाइल्याण्ड भ्रमणमा निस्केका छन् । उनले अक्टोबर १९ र २० मा हुने तेस्रो एसिया-प्यासेफिक इनजी फोरममा भाग लिनेछन् । मन्त्री बस्नेतसँगै वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकाल पनि थाइल्याण्ड लागेका छन् ।

सरकारी अधिकारीहरुका अनुसार उर्जा मन्त्रालयको नेतृत्व तह नै विदेश भ्रमणमा छ । ऊर्जा सचिव दिनेशकुमार घिमिरे अमेरिका र युरोप भ्रमणमा छन् ।



अत्यावश्यक बाहेकका विदेश भ्रमण नगर्ने आफ्नै घोषणा लत्याएर सरकार भीआईपीको विदेश भ्रमण स्वीकृत गरिरहेको छ । अझ बिना जानकारी विदेश जाने प्रवृति समस्याकै रुपमा देखा परेको सरोकारवालाहरु बताउँछन् । बिना जानकारी विदेश जानेहरुमा सांसदहरु अग्रपंक्तिमा छन् ।

संसद सचिवालयका अनुसार प्रतिनिधिसभाको चालु कार्यकाल सुरु भएपछि सांसदहरुको १२ टोलीको औपचारिक विदेश भ्रमण भएको छ ।

४ मंसिर २०७९ मा भएको चुनावमा चुनिएर आएका प्रतिनिधिसभा सदस्यहरुले पद तथा गोपनीयताको शपथ ग्रहण ७ पुस २०७९ मा गरेका थिए । संसद सचिवालयले प्रकाशन गरेको संसद दर्पणमा प्रकाशित विवरण र संसद सचिवालयले उपलब्ध गराएको तथ्याङ्क अनुसार ९ असोज २०८० सम्म १२ वटा भ्रमण भएका हुन् । बिना जानकारी सांसदहरुले गरेका विदेश भ्रमण यसमा समावेश छैन । »» पृष्ठ २ मा

# मुस्ताङलाई ५० करोड

मुस्ताङ सबैभन्दा कम पानी पर्ने क्षेत्र हो । तर पछिल्ला वर्षहरूमा जलवायु परिवर्तनको असरका कारण बर्सात हुन थालेको छ ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १ कात्तिक

विश्व समुदायले जलवायु परिवर्तन अनुकूलनका लागि संकलन गरेको रकमबाट नेपालले पाउने ५० करोड मुस्ताङ पठाइने भएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डका अनुसार जलवायु परिवर्तनलाई कम गर्न नेपालले गरेका अभ्यास र मेहनतका आधारमा ५० करोड रकम आउन लागेको हो । उक्त रकम सिधै मुस्ताङ पठाउने प्रचण्डको घोषणा छ ।

सबै रकम मुस्ताङ पठाउने निर्णय भएको प्रधानमन्त्री प्रचण्डले जानकारी दिए । 'जलवायु संरक्षण बापत अन्तर्राष्ट्रिय संस्थाबाट नेपाललाई ५० करोड प्राप्त हुँदै छ । त्यो सबै रकम मुस्ताङलाई दिँदैछौं' प्रचण्डले भनेका छन् । सरकार मुस्ताङको ऐतिहासिकता, भौगोलिक विशिष्टता, संस्कृति, परम्परा र उत्पादनप्रति निकै नै संवेदनशील रहेको उनको भनाइ छ ।

> जलवायु संरक्षणबापत अन्तर्राष्ट्रिय संस्थाबाट नेपाललाई ५० करोड प्राप्त हुँदै छ । त्यो सबै रकम मुस्ताङलाई दिँदैछौं ।
>
> ■ **प्रचण्ड, प्रधानमन्त्री**

गत साउन २८ गते मुस्ताङको कागबेनीमा बाढीका कारण क्षति भएको छ । मुस्ताङ सबैभन्दा कम पानी पर्ने क्षेत्र हो । तर पछिल्ला वर्षहरूमा जलवायु परिवर्तनको असरका कारण »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# राष्ट्रिय आप्रवासन नीति तर्जुमा भइरहेको छ : मन्त्री भण्डारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ कात्तिक

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले वैदेशिक रोजगारलाई व्यवस्थित गर्नका लागि राष्ट्रिय आप्रवासन नीति तर्जुमा भइरहेको बताएका छन् । गैरआवासीय नेपाली संघ (एनआरएनए)को विश्व सम्मेलन तथा ११औं महाधिवेशनअन्तर्गत आयोजना गरिएको सुरक्षित आप्रवासन तथा मर्यादित वैदेशिक रोजगारका सम्बन्धमा वैदेशिक रोजगार व्यवसायी र गैरआवासीय नेपाली संघको भूमिकासम्बन्धी कार्यक्रमलाई बुधबार सम्बोधन गर्दै मन्त्री



भण्डारीले उक्त जानकारी दिएका हुन् ।

नेपाल सरकारले सार्वजनिक गरेको वैदेशिक रोजगार नीति-२०६८ मा श्रम आप्रवासनको चक्रलाई सम्बोधन गर्ने गरी राष्ट्रिय श्रम आप्रवासन नीति बनाउने उल्लेख छ । मन्त्री भण्डारीले वर्तमान सरकारले वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्या समाधान गरी वास्तविकरुपमा वैदेशिक रोजगारलाई व्यवस्थित गर्न केही समयअघि श्रम गन्तव्य मुलुकमा रहेका नेपाली राजदूतहरुसँग घनिभूत छलफल गरेको बताए । वर्तमान अवस्थामा नेपालमा वैदेशिक »» पृष्ठ २ मा

## श्रम स्वीकृतिका लागि फाराम भर्न काठमाडौं जाने झन्झट हट्यो

**कञ्चनपुर/रासस**– ६ वर्ष मलेसिया बसेर फर्किएका शुक्लाफाँटा नगरपालिका-७ सिमलफाँटाका सुरज आग्री पुनः वैदेशिक रोजागारीमा जाने तर्खरमा छन् । श्रम स्वीकृतिका लागि अनलाइन फाराम नगरपालिकाबाटै निःशुल्क भर्न पाइने भएपछि उनी निकै खुसी देखिन्छन् । पहिलो पटक वैदेशिक रोजगारीमा जाँदा आग्रीले काठमाडौंस्थित वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृतिका लागि म्यानपावर कम्पनीका कर्मचारीको सहयोगमा फाराम भरेका थिए ।

'श्रम स्वीकृतिका लागि फाराम भर्दा सम्पूर्ण व्यक्तिगत विवरण त्रुटिपूर्ण थिए,' उनले भने, 'तर अहिले नगरपालिकामै स्वयं उपस्थित भएर तथ्यपरक विवरण फाराममा भर्न लगाएका छौं, फाराम भर्नकै लागि काठमाडौं जाने झन्झट पनि हटेर गएको छ ।' »» पृष्ठ २ मा

## Malta मा बैदेशिक रोजगारको अवसर

१. कम्पनी: **HR Sourcing Limited, Malta**

पूर्व स्वीकृती मिति २०८०।०६।३० | चलानी नं.६०२०९१८६ | LT.No. 294027

| सि.नं. | कामदारको पद | माग संख्या पूरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव EURO | मासिक तलव नेरु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Head Chef | 5 | 5 | काममा दक्ष | 1500 | २१०,४१५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Chef-de-Partie | 5 | 5 | | 1350 | १८९,६८९।- | | | | | | | |
| 3 | Chef-Sous | 5 | 5 | | 1350 | १८९,६८९।- | | | | | | | |
| 4 | Headwaiter/Headwaitress | 10 | 10 | | 1100 | १५४,५६१।- | | | | | | | |
| 5 | Barista | 10 | 10 | | 1000 | १४०,५१०।- | | | | | | | |
| 6 | Bartender | 10 | 10 | | 1000 | १४०,५१०।- | | | | | | | |
| 7 | Cashier | 5 | 5 | | 900 | १२६,४५९।- | | | | | | | |
| 8 | Cook | 25 | 25 | | 900 | १२६,४५९।- | | | | | | | |
| 9 | Cleaner | 25 | 25 | | 850 | ११९,४३४।- | | | | | | | |
| 10 | Food & Beverage Server | 25 | 25 | | 850 | ११९,४३४।- | | | | | | | |
| 11 | Food Packer | 18 | 17 | | 850 | ११९,४३४।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष यवस्था | सेवा शुल्क तथा जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | कामदार स्वयं रु. ८०,०००।- |

**Pre & Final Interview is going to be held from 1st November, 2023 to 3rd November, 2023 till.**

**Please submit your CVs : info@focusnepaloverseas. com**

**Focus Nepal Overseas Pvt. Ltd**
Gov.Lic. No. 768/065/066
Sinamangal, Kathmandu, Ph.No.: 01-4579297, 4589028
Mobile No.: 9810349083, 9851099415, 9841766249, 9806099355
Email: info@focusnepaloverseas. com

# 'जनताबाट अलग भएर रुपान्तरणका काम गर्न सकिँदैन'




**ललितपुर/मस-** नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)की उपाध्यक्ष तथा पूर्वमन्त्री पम्फा भुसालले जनताबाट अलग भएर रुपान्तरणका काम गर्न नसकिने बताएकी छिन्।

सो पार्टीको ललितपुर महानगर कमिटीले विजया दशमी, नेपाल संवत्, शुभ दीपालवी तथा छठ पर्वका अवसरमा आयोजना गरेको चियापान तथा शुभकामना आदानप्रदान कार्यक्रममा उनले समाज विकासको क्रमसँगै मानिसमा विकास भएको चेतनाका आधारमा विभिन्न सांस्कृतिक परम्परा सिर्जना भएको बताइन्। उनले समाजको अगुवामा समयसापेक्ष रूपमा जनताको चाहानाअनुसार नेतृत्व गर्ने चिन्तन, व्यवहार र रुपान्तरण आवश्यक रहेकामा जोड दिइन्।

उनले नियमित रूपमा समितिका बैठक बसेर समस्याको पहिचान गर्दै इतिहासको विरासतलाई वर्तमानसँग जोडेर भविष्यको निर्माण गर्ने गरी नयाँ पार्टी निर्माण गर्न निरन्तरता र गुणात्मकता कायम गर्ने गरी रुपान्तरणको अभियानमा लाग्न आग्रह गरिन्।

माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा राष्ट्रियसभा सदस्य रामनारायण विडारीले विजया दशमी, नेपाल संवत्, शुभ दीपालवी तथा छठ पर्व एउटा जात वा वर्ग विशेषको मात्रै चाड पर्व नभएको धारणा राखे।

माओवादी केन्द्रका केन्द्रीय सदस्य हरि दाहालले तीनमहिने अभियानले पार्टीलाई थप उचाइमा पुऱ्याउने विश्वास व्यक्त गरे। उनले जनताले माग गरेको रुपान्तरणलाई सम्बोधन गर्न पार्टीलाई पनि रुपान्तरण गरेर जानु आवश्यक रहेको धारणा राखे। चाडपर्वले भेटघाटको वातावरण बनाउने हुँदा पार्टीको पुनःनिर्माणका लागि पुराना व्यक्तिहरूलाई ऊर्जाशील बनाउन लाग्नुपर्ने र तत्कालीन जनमुक्ति सेनाका पूर्वलडाकुलाई पनि पार्टीमा क्रियाशील बनाइनुपर्नेमा उनको जोड थियो। कार्यक्रममा केन्द्रीय सदस्य राजकाजी महर्जन, बागमती प्रदेश अध्यक्ष सरल सहयात्री लगायतले शुभकामना मन्तव्य राखेका थिए।

# कर्णालीमा वार्षिक १९ हजार एक सय १६ मेट्रिक टन खाद्यान्न अपुग



**सुर्खेत/मस-** कर्णालीमा वार्षिक १९ हजार एक सय १६ मेट्रिक टन खाद्यान्न अपुग हुने गरेको पाइएको छ। कर्णाली प्रदेश सरकारको तथ्यांक अनुसार प्रदेशमा वार्षिक १९ हजार एक सय १६ मेट्रिक टन खाद्यान्न अपुग हुने गरेको हो।

प्रदेशका दश जिल्लामध्ये सल्यान, रुकुम पश्चिम, सुर्खेत खाद्यान्नमा आत्मनिर्भर रहेका छन् भने सात जिल्लामा खाद्यान्न आयात गर्नुपरेको छ। दैलेख, जाजरकोट, हुम्ला, कालीकोट, जुम्ला, मुगु र डोल्पाको उत्पादनले वर्षभर खान पुग्दैन। तथापि दैलेख र जुम्ला भने खाद्यान्न कम आयात गर्ने जिल्लाका रुपमा रहेको प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको कृषि निर्देशनालयले जनाएको छ।

निर्देशनालयका निर्देशक चित्रबहादुर रोकायले खाद्यान्नमा सबै जिल्लालाई आत्मनिर्भर बनाउन विभिन्न कार्यक्रम प्रदेश सरकारले सञ्चालन गरिरहेको जानकारी दिए। उनले प्रदेश सरकारले आम नागरिकलाई खाद्य सुरक्षाको पहुँचमा ल्याउनका लागि जैविक प्रदेशको अवधारणा लिइएको भन्दै यो कार्यक्रमलाई सफल बनाउन सबै निकायको भूमिका महत्वपूर्ण हुने बताए।

विश्व खाद्य कार्यक्रम इपिआई र एफएओले कर्णालीका पहाडी तथा हिमाली जिल्लामा सन् २०१९ मा गरेको पाँचौं पटकको सर्वेक्षणअनुसार समग्रमा प्रदेशका २८ प्रतिशत घरधुरीहरुले आवश्यक पर्ने पर्याप्त खाद्यवस्तु उपभोग नगरेको पाइएको छ। त्यसमध्ये आठ प्रतिशत घरधुरीले अति न्यून मात्रामा खाद्यवस्तु उपभोग गरेका छन्। यस तथ्यलाई भोकमरीका रुपमा विश्लेषण गरिएको छ।

# लुम्बिनी प्रदेशका १३ वटा अस्पतालका विकास समिति खारेज

**दाङ/मस-** लुम्बिनी प्रदेश सरकारले प्रदेशका १३ वटा अस्पतालमा गठन भएका विकास समिति खारेज गरेको छ। लुम्बिनी प्रदेशको बुधबार बसेको मन्त्रिपरिषद् बैठकले अस्पताल विकास समिति (गठन तथा सञ्चालन) नियमावली, २०८० स्वीकृत गर्दै अस्पताल विकास समिति गठन आदेश खारेज गर्ने निर्णय गरेको हो।

प्रदेशका अर्थमन्त्री धनबहादुर मास्कीका अनुसार प्रदेश सरकारले सिकेलसेल, थालेसेमिया र हेमोफिलियाका बिरामीको परिवारलाई निःशुल्क बीमा कार्यक्रम सञ्चालन गर्ने कार्यविधि, २०८० पनि स्वीकृत गरेको छ।

त्यस्तै आँखाको नानी निःशुल्क प्रत्यारोपण (कर्निया ट्रान्सप्लान्टेसन) शोध भर्नासम्बन्धी कार्यविधि २०८०, चालीस वर्षभन्दा माथिका लागि नसर्ने (मधुमेह, उच्च रक्तचाप र मिर्गौला) रोग स्क्रिनिङ कार्यक्रम सञ्चालन कार्यविधि २०८०, ज्येष्ठ तथा अतिअशक्त नागरिकसँग स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन कार्यविधि २०८०, स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति (चौथो संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने निर्णय गरेको छ।

## रोकिएन...

९ महिनाको अवधिमा सभामुख देवराज घिमिरेले दुई पटक र उपसभामुख इन्दिरा रानाले तीन पटक विदेश भ्रमण गरेका छन्।

सभामुख घिमिरे नेतृत्वको टोलीले मार्च ११ देखि १५ सम्म बहराइनको भ्रमण गरेको थियो। सांसदहरु रमेश लेखक, इन्दु कडरिया, हितराज पाण्डे, सन्तोष परियार समेतको टोली १४६ औं एसेम्बली अफ आईपीयुमा सहभागी हुन बहराइन गएको हो। सभामुख घिमिरेले सेप्टेम्बर १८ देखि २२ सम्म आयरल्याण्डको पनि भ्रमण गरे। उनी नेतृत्वको भ्रमण टोलीमा प्रतिनिधिसभाका सचिव पद्मप्रसाद पाण्डे र सभामुखका स्वकीय सचिव तेज प्रकाश भट्टराई सहभागी थिए। घिमिरे ५ माघ २०७९ मा सभामुखमा निर्वाचित भएका थिए।

उपसभामुख इन्दिरा राना नेतृत्वको टोलीले मे १५ देखि १७ सम्म सिंगापुरको भ्रमण गरेको थियो। आरएसआइएस डब्लुटिओ पार्लामेन्टरियन वर्कसप अन इन्टरनेशनल ट्रेडमा सहभागी हुन गएको उपसभामुख नेतृत्वको टोलीमा सांसदद्वय अम्मरबहादुर रायमाझी र विनोदकुमार चौधरी सहभागी थिए। उपसभामुख रानाले जून ८ र ९ मा चीन भ्रमण पनि गरिन्। राना ७ माघ २०७९ मा उपसभामुख निर्वाचित भएकी थिइन्। प्रतिनिधिसभाको चालु कार्यकाल सुरु भएयताको ९ महिनामा राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले चार देशको भ्रमण गरे। फेब्रुअरी १६ देखि २२ सम्म राष्ट्रिय सभाका अध्यक्ष तिमिल्सिनाले युएईको भ्रमण गरे। अप्रिल १९ देखि २४ सम्म राष्ट्रिय सभा अध्यक्ष तिमिल्सिना नेतृत्वको टोलीले रुसको भ्रमण गऱ्यो। राष्ट्रिय सभा अध्यक्ष तिमिल्सिना मे २ मा कोलम्बिया पनि गए। अध्यक्ष तिमिल्सिना नेतृत्वको ९ सदस्यीय टोलीले जुलाई ११ देखि १८ सम्म चीनको भ्रमण गरेको थियो।

## मुस्ताङलाई...

बर्सात हुन थालेको छ। अध्ययन अनुसार मुस्ताङ जिल्ला नेपालमै सबैभन्दा बढी तापक्रम बढेको जिल्ला हो। अन्य क्षेत्रमा वर्षेनी ०.०१ प्रतिशत तापक्रम बढ्छ भने मुस्ताङमा ०.१ प्रतिशत तापक्रम वृद्धि भएको अध्ययनले देखाएको छ। यसको अर्थ अन्य क्षेत्रमा भन्दा १० गुणा बढी तापक्रम मुस्ताङमा बढेको छ।

पछिल्ला समय नेपालको हिमाली क्षेत्रमा तापक्रम बढेको छ। हिउँ पग्लिने र त्यसबाट बाढी आएर धनजनको क्षति हुन थालेको छ। २०७८ सालमा मनाङमा आएको बाढीलाई पनि जलवायु परिवर्तनसँग जोडेर हेरिएको छ। हिमाली क्षेत्रका नागरिकहरूले वर्षाबाट जोगिन छाना फेर्न थालेका छन्। केही वर्ष अघिसम्म माटोकै घर र माटोकै छत भएका घरहरूमो जस्तापाता र कंक्रिट छ।

घरको बनोट फेर्नुमा जलवायु परिवर्तनलाई हेरिएको छ। प्रधानमन्त्री प्रचण्डले बुधबार मुस्ताङमा जलवायु परिवर्तनले पारेका असरबारे स्थानीयसँग अन्तरक्रिया गर्ने क्रममा हिमालय क्षेत्रको संरक्षणका लागि सरकार गम्भीर भएर लागेको बताएका हुन्।

'जलवायु परिवर्तनको प्रत्यक्ष अनुभव गर्न पाउँदा र विगतमा भएको क्षतिको अवलोकन गर्न पाउँदा धेरै ज्ञान प्राप्त भएको छ। पछिल्लो पटक धेरै वर्षपछि अविरल वर्षा, बाढी र त्यसले पुऱ्याएको क्षति विशिष्ट प्रकृतिको छ। सरकारले गम्भीरता पूर्वक लिएको छ' प्रधानमन्त्री प्रचण्डले भनेका छन्। जलवायु परिवर्तन नेपालका लागि पनि राष्ट्रिय चुनौतीको रूपमा रहेको उल्लेख गर्दै उनले दक्षिण एसिया र खासगरी हिमालय पर्वतमा जसरी हिउँ पग्लने क्रम सुरु भएको छ यसले प्रत्यक्ष जनजीवन र वातावरणमा असर गरेको बताए।

## राष्ट्रिय...

रोजगारको विकल्प देखा नपरेको र वास्तविक विकल्पको सिर्जना नहुँदासम्म वैदेशिक रोजगार क्षेत्रलाई सुधार गर्नु परेकाले त्यसतर्फ गम्भीर गृहकार्य थालिएको पनि मन्त्री भण्डारीले उल्लेख गरे। उनले कुन मुलुकमा कस्तो प्रकृतिको जनशक्ति पठाउने तथा उनीहरूले आर्जन गरेको पुँजी र सीपलाई कसरी व्यवस्थित बनाउने भन्ने विषयमा राष्ट्रिय आप्रवासन नीतिले स्पष्ट मार्गनिर्देश गर्ने पनि बताए। उक्त कार्यक्रमा अतिथि वक्ताको रुपमा मन्तव्य राख्दै नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले नेपालीहरू विश्वका १ सय ७८ देशमा वैदेशिक रोजगारीका लागि पुगेको भएपनि सरकारबाट मान्यता प्राप्त वैदेशिक रोजगार व्यवसायीले विश्वका १ सय ११ मुलुकमा श्रमिक पठाउने गरेकोले सुरक्षितरुपमा उनीहरूलाई पठाउने विषयमा गैरआवासीय नेपाली संघसँग हातेमालो र सहकार्य गर्न सकिने बताए। उक्त कार्यक्रमलाई एनआरएनए अध्यक्षका उम्मेदवार आरके शर्मा, सचिव डिवि क्षेत्रीलगायतले पनि सम्बोधन गरेका थिए।

## श्रम...

'श्रम स्वीकृतिका लागि फाराम भर्नकै लागि काठमाडौं जानुपर्दा निकै खर्च गर्नुपर्ने झन्झट, बसमार्फत जाँदा सडक अवरुद्ध हुँदाको सास्ती, होटेलको खर्च निकै हुन्थ्यो,' मलेसिया जान श्रम स्वीकृतिका लागि नगरपालिका पुगेका अर्का हरिश आग्रीले भने, 'सेवाग्राहीको चापले बिहान ४ बजे लाइमा बस्दा पनि पालो पाइँदैनथ्यो, फेरी दोस्रो दिनका लागि कुर्नु पर्दथ्यो, दलाललाई पैसा नदिए कामै हुन गाह्रो हुन्थ्यो।'

अहिले नगरपालिकामै श्रम स्वीकृतिका लागि अनलाइनमार्फत भुक्तानी गर्ने व्यवस्था हुँदा सहज भएको उनले बताए। वैदेशिक रोजगारीका लागि सबै प्रकारको श्रम स्वीकृतिको आवेदन स्थानीय तहको रोजागार शाखाबाटै भर्न सकिने व्यवस्था रहेको त्यहाँका प्राविधिक सहायक धीरज ऐरले जानकारी दिए। चालु आवको वैशाखदेखि पालिकाअन्तर्गतका रोजगार सेवा केन्द्रमार्फत वैदेशिक रोजगारीमा जानेको श्रम स्वीकृतिका लागि आवेदन लिन थालिएको छ। यो सेवा सञ्चालन भएपछि यस शाखाबाट ३२ जनाले श्रम स्वीकिृतिका लागि आवेदन भरेका छन्। आवेदन भर्नेहरुमा पुरुषको संख्या अधिक र महिलाको संख्या न्यून रहेको छ। श्रम स्वीकृतिका लागि फारम भर्न आउनेमा मलेसिया, यूएई, साउदी अरेबिया, कतार, कुवेत, बहराइन, पोर्चुगललगायत देशमा रोजगारीमा जाने रहेका छन्। 'राहदानी, वैदेशिक रोजगारीमा पठाउने कम्पनीसँगको सम्झौतापत्र, भिजा, स्वघोषणापत्र, बैंक चेक, नागरिकताको प्रमाणपत्र, इच्छाएको व्यक्तिको नागरिकता, बीमा गरेको कागजात, सामाजिक कोषसँगको आवद्धता हेरेर मात्रै आवेदन भर्ने गरेका छौं,' रोजगार शाखका प्राविधिक सहायक ऐरले भने, 'वैदेशिक रोजगारीमा जाँदा अपनाउनुपर्ने सावधानीबारे समेत सम्झाउने बुझाउने गरेका छौं।'

रोजगारदाता, रोजगारीमा जाने व्यक्ति र इच्छाएका व्यक्तिको नाम र ठेगानासँगै सम्पर्क नम्बर पनि राखिने भएकाले विदेशमा अप्ठेरो परे सहयोग गर्न सकिने उनले बताए। वैदेशिक रोजगार ऐन २०६४ तथा वैदेशिक रोजगार नियमावली २०६४ मा भएको व्यवस्थाअनुसार वैदेशिक रोजगारीमा जाने हरेक नेपालीले श्रम स्वीकृति लिनुपर्ने व्यवस्था छ। वैदेशिक रोजगारलाई थप व्यवस्थित, मर्यादित, सुरक्षित, भरपर्दो र सहज बनाउनका लागि व्यक्तिगत श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृतिका लागि अनलाइनमार्फत फाराम भर्ने व्यवस्था गरिएको रोजगार शाखाका संयोजक कृष्ण भट्टले जानकारी दिए। उनका अनुसार श्रम स्वीकृति लिएसँगै कल्याणकारी कोषका लागि एक हजार पाँच सय, सामाजिक सुरक्षा कोषका लागि दुई हजार दुई सय रुपैयाँ बुझाउनुपर्ने हुन्छ। यसैगरी, १८ वर्षदेखि ३५ वर्ष समूहका लागि तीन हजार सात सय आठ, ३६ देखि ५० वर्ष समूहका लागि चार हजार नौ सय रुपैयाँ शुल्क निर्धारण गरिएको छ। सेवाग्राहीले शुल्क खल्ती एप तथा ईसेवाबाट पनि बुझाउन सकिने व्यवस्था गरिएको छ।

# काठमाडौंको जैन मन्दिरमा दश लक्षण महामण्डल विधान सम्पन्न



**काठमाडौं/मस-** काठमाडौंको जैन मन्दिरमा दश लक्षण महामण्डल विधान सम्पन्न भएको छ। श्री १००८ आदिनाथ दिगम्बर जैन मन्दिर काठमाडौंस्थित दश लक्षण महापर्व प्रचण्ड वक्ता पण्डित विश्रुत जैन शास्त्री, खर्गापुर मध्य प्रदेशको उपस्थितिमा दश लक्षण महामण्डल विधान सम्पन्न भएको हो। सामूहिक जिनेन्द्र आराधना नेपाल शाखाका अध्यक्ष सुभाष अनिता जैन सेठीले बिहान श्रीजीको अभिषेक, शान्तिधारा र नित्य पूजापछि दाश लक्षण विधान मण्डलले सांगीतिक साथ भव्यरुपमा पूजा सम्पन्न गरेको बताए। यस्तै साँझ महा आरतीको आयोजना गरिएको थियो। आरतीपछि भारतबाट आएका शक्तिशाली वक्ता पण्डित विश्रुत जैन शास्त्रीले दश धर्मसम्बन्धी शास्त्र प्रवचन दिएका थिए।

मन्दिर व्यवस्था समितिका अध्यक्ष मुनेश जैनका अनुसार प्रवचनपछि प्रश्नमञ्च र भक्ति संगीतको आयोजना गरिएको थियो, जसमा ठूलो संख्यामा जैन समुदायको सहभागिता रहेको र सबैले उत्साह र उमंगका साथ सबै क्रियाकलापमा भाग लिएका थिए।

दश लक्षण महापर्वमा पवन जैन, कविता जैन र अंकित जैनले पनि दश दिनसम्म तपस्या गरेका थिए भने उनीहरुको तपस्यालाई अनुमोदन गर्न समाजले विभिन्न सांगीतिक अनुमोदन कार्यक्रम आयोजना गरेको थियो। मन्दिरको चोक विशेष बत्तीले उज्यालो पारिएको थियो।

मन्त्री सुमित जैनले पवनकुमार चन्ददेवी जैन गोढा परिवारलाई दस लक्षण महामण्डल विधानको सोधर्म इन्द्रका लागि योग्य हुने सौभाग्य प्राप्त भएको बताए। मन्दिर परिसर जयजयकारले गुन्जिएको थियो र सबै कार्यहरू संगीतको माध्यमबाट पूर्ण भक्तिका साथ गरिएको थियो।

क्षमा वाणीको पावन अवसरमा समस्त तपस्वी तथा पण्डित विश्रुत जैन शास्त्रीलाई सम्मान गरिएको थियो। शास्त्रीलाई समाजका विभिन्न संघसंस्थाहरूले प्रशंसापत्र र वाणीभूषण उपाधिबाट सम्मानित गरेका थिए।

# लागुऔषधसहित पक्राउ



**सुर्खेत/मस-**सुर्खेतबाट लागुऔषधसहित दुई जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा जाजरकोट नलगाड नगरपालिका वडा नं.७ का २१ वर्षीय महेन्द्र वली र बारेकोट गाउँपालिका वडा नं. ९ का २५ वर्षीय कमल गौतम रहेका छन्। उनीहरुलाई सुर्खेत भेरीगंगा नगरपालिका वडा नं. ५ बबईस्थित प्रहरी टोलीले चेक जाँच गर्ने क्रममा लागुऔषधसहित पक्राउ गरेको हो।

उनीहरुको साथबाट २.३२० ग्राम लागुऔषध (ब्राउन सुगर) जस्तो धुलो पर्दाथ बरामद गरिएको प्रहरीले जनाएको छ। पक्राउ परेकाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।


**Kuwait मा रोजगार | कम्पनी : NESTO HYPERMARKET COMPANY WLL**

पूर्व स्वीकृत मितिः २०७९/०८/२५ | चलानी नं.: ६०१९३१३१ | L.T. No.: 277500 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Worker / Offices | 40 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ४२,९७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Sweets Seller | 0 | 20 | | 120 | ५१,५६६ | | | | | | | |
| 3. | Warehouse Worker | 40 | 0 | | 100 | ४२,९७२ | | | | | | | |

प्रि-अन्तर्वार्ता धमाधम भइरहेको छ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक ९ गते (26 October 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२, ९८०५८६५१९३
Itahari: 9862360723 | Jhapa: 9806074134 | Butwal: 9802676987



**मेलम्ची नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मेलम्ची सिन्धुपाल्चोक**

**Invitation For Electronic Bids**

**First Date of Publication : 2080/07/02**

Melamchi Municipality invites electronic bids from eligible Bidders for the following works under National Competitives Bidding Single Stage bidding Procedures.

| S. N. | Name of the Project/ Contract Identification No. | Bid Security Amount NRs | Price of Bid Document NRs | Last Date of Bid Submission and time | Last Date of Bid opening and time |
|---|---|---|---|---|---|
| 1 | Construction of Duwachaur Bhattar Talamarang Road black top, Melamchi Mun-07, (MMSI/WORKS/NCB/2080-81/10) | NRs. 24,80,000 | NRs.5,000 | 2080/08/04, 12:00 Hrs | 2080/08/04, 13:00 Hrs |

Eligible Bidders may obtain further information from the Office of the Municipal Executive, Melamchi Municipality, Melamchi Sindhupalchok, Telephone: 011- 401089, Email: dms.melamchimun@gmail.com, or may visit PPMO e-GP System web portal www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# चाडपर्वमा विशेष सुरक्षा योजना कार्यान्वयन गर्न आईजीपी कुँवरको निर्देशन



**काठमाडौं/मस–** प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले चाडपर्वको समयमा हुन सक्ने आपराधिक क्रियाकलाप नियन्त्रण तथा नागरिकको गुनासो व्यवस्थापनका लागि प्रभावकारी काम गर्न निर्देशन दिएका छन् ।

काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रमुख, प्रदेश प्रहरी कार्यालयका प्रमुखहरू, नेपाल प्रहरी प्रदेश प्रहरी कार्यालयका प्रमुखहरू, नेपाल प्रहरी राजमार्ग सुरक्षा ट्राफिक व्यवस्थापन कार्यालयका प्रमुखहरू र जिल्ला प्रहरी परिसर प्रमुख तथा जिल्ला प्रहरी कार्यालयका प्रमुखहरूलाई बुधबार नेपाल प्रहरी प्रधान कार्यालयबाट भर्चुअल माध्यमद्वारा सम्बोधन गर्दै उनले चाडपर्व विशेष सुरक्षालाई प्रभावकारी बनाउन निर्देशन दिए ।

कुँवरले प्रत्येक प्रहरी कार्यालयले चाडपर्व लक्षित बनाइएका सुरक्षा योजना कार्यान्वयन गर्दै छिटोछरितो नागरिकमैत्री बनाउँदै सेवा प्रवाह गर्नुपर्ने बताए ।


कालोबजारी, मूल्यवृद्धि, जुवातास, चोरी, कृतिम अभाव सिर्जना गर्ने, अवाञ्छित गतिविधि, सीमावर्ती क्षेत्रमा हुने तस्करी लगायतका गैरकानुनी क्रियाकलापमा हुने बढोत्तरीलाई ध्यानमा राखेर यसको नियन्त्रण तथा कारवाहीमा नियमसंगत आक्रामक भई कार्यसम्पादन गर्न निर्देशन दिए ।

बजार अनुगमन लगायतका विषयमा स्थानीय तह एवं सरोकारवाला निकायसँग सहकार्य तथा समन्वय गरी प्रभावकारी रूपमा दैनिक उपभोग्य वस्तुको आपूर्ती व्यवस्थापन मिलाउनुपर्ने उनले उल्लेख गरे ।

नागरिकमैत्री सेवाका लागि समाजसँग समधुर सम्बन्ध बनाउँदै आवश्यक परेको बेला तत्काल परिचालित हुने गरी संयन्त्रलाई प्रविधियुक्त र चुस्तदुरूस्त बनाउँदै चलायमान बनाउनुपर्नेमा उनको जोड थियो ।

चाडपर्वको समयमा हुने सक्ने सवारी दुर्घटना न्यूनीकरणका लागि प्रभावकारी सुरक्षा व्यवस्था, सवारी सम्बन्धि निर्देशिका सही रूपमा पालना तथा कार्यान्वयन, अनुगमन, विगतका दुर्घटनाग्रस्त ईलाकाहरूमा अझै बढी ध्यान दिँदै सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्दै अगाडि बढाउन उनले निर्देशन दिए ।

# पाँच बोरा चिनी बरामद



**सुर्खेत/मस–** सुर्खेतको पञ्चपुरी नगरपालिका-५ बाट पाँच बोरा चिनी बरामद गरिएको छ । विद्युत कार्यालय नजिकै रहेको भित्री सडकखण्ड अन्तर्गत सडक छेउमा बेवारिसे अवस्थामा रहेको ५ बोरा चिनी बरामद भएको हो । ईलाका प्रहरी कार्यालय बाँबियाचौरका अनुसार चिनीको तौल अन्दाजी २५० किलो रहेको छ । उक्त चिनी ईलाका प्रहरी कार्यालय बाबियाचौरमा राखिएको छ ।

# कात्तिक १७ र १८ गते भिटामिन 'ए' खुवाइने



**काठमाडौं/मस–** सरकारले यस वर्षको राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम आगामी कात्तिक १७ र १८ गते सञ्चालन गरिने भएको छ ।

प्रत्येक वर्ष पहिलो चरण कात्तिक २ र ३ गते तथा दोस्रो चरण वैशाख ६ र ७ गते गरी दुई पटक सो कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । यस वर्ष दशैं परेका कारण पहिलो चरणको कार्यक्रम कात्तिक १७ र १८ गते तय गरिएको स्वास्थ्य सेवा विभाग अन्तर्गतको परिवार कल्याण महाशाखाले जनाएको छ ।

महाशाखा प्रमुख डा. विवेक कर्ण लालका अनुसार दुई दिने अभियानमा ६ देखि ५९ महिनाका करिब ३२ लाख बालबालिकाहरुलाई भिटामिन 'ए' क्याप्सुल खुवाइने छ । यसैगरी १ देखि ५ वर्षसम्मका २९ लाख भन्दा बढी बालबालिकाहरुलाई जुकाको औषधि खुवाइने छ । बालबालिकामा हुनसक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यूनीकरण गर्नका लागि सरकारले २०५० सालदेखि राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम सञ्चालन गर्दै आएको छ । जुकाको औषधि भने २०५६ बाट खुवाउन थालिएको हो । यो कार्यक्रममा देशभरिका ५२ हजार स्वास्थ्य स्वयंसेविका र १५ हजार स्वास्थ्यकर्मीलाई परिचालन गरिने डा. लालले बताए ।

## Kerabari Rural Municipality
## Office of the Rural Municipal Executive
**Kerabari Morang Koshi Provience Nepal**

## Invitation for Bids

**Date of publication:2080/07/02**

1. Kerabari Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the Goods.
2. A complete set of Bidding Documents may be purchased from EGP System i.e www.bolpatra.gov.np/egp by eligible Bidders with necessary document.

Name of the Bank: NIC Asia Bank. Name of Office: Kerabari Rural Municipality
Rajaswa Sirshak No:14229 Office Code No: 801011312
Account no.: 0562056501423002 (for Bid Document Fee) Ga.1.1 Antarik Rajaswa Khata, Kerabari Gaupalika
Account no.: 0562056501423008 (for Bid Security for Cash Deposit) Ga.3-Sthaniya Taha Dharauti Khata Kerabari Gaupalika.

| SN | Contract ID | Name of Contract | Esitmated Amount Inc. VAT | Bid Security | Bid Fee | Bid Submission & Open Date |
|---|---|---|---|---|---|---|
| 1 | KRMC/MOR/G/SQ-02(080/081) | Procurement of Medicine and Medical Accessories | Nrs 17,66,925 | Nrs. 50,000 | Nrs.1000 | 17th Kartik 2080 BS |

**Chief Administrative Officer**

## स्वामिकार्तिक खापर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**सुइजीउला वाई, बाजुरा**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

## शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

**प्रथप पटक प्रकाशित मिति २०८०/७/२**

यस स्वामीकार्तिक खापर गाउँपालिकाले आय आर्जन र रोजगारीमा वृद्धि गर्ने उद्देश्यले आफ्नै स्वामित्वमा विगत केही वर्ष देखि भेडा फर्म संचालन गर्दै आईरहेकोमा, मिति २०८०।५।१८ गते बसेको गाउँ कार्य पालिका बैठककबाट हाल उक्त भेडा फर्म यथाअवस्थामा संचालन गर्न नसकिने हुदा शिलबन्दी बोलपत्रको माध्यमबाट मुल्य बढाबढको आधारमा एकमुष्ठ बिक्रि गर्ने निर्णय भएको हुँदा सोही बमोजिम मुल्य बढाबढको आधारमा एकमुष्ठ भेडा बिक्रि गर्नुपर्ने भएकोले खरिद गर्न इच्छुक व्यक्ति, फर्म, संस्था, सहकारीबाट निम्न शर्तको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रितपूर्वक शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

१. बोलपत्र फाराम दस्तुर रु. १,०००। (अक्षरुपी एक हजार रुपैयाँ मात्र) पालिकाको लेखा शाखामा वा आन्तरिक रावश्व खाता नं. ०७१०८९९६६०००१० मा जम्मा गरेको सक्कलै भौचर संलग्न गरी दाखिला गर्नुपर्नेछ ।
२. दर्ता हुन आएका शिलबन्दी बोलपत्र मिति २०८०।७।१७ गते दिनको २:०० बजे कार्यालयमा बोलपत्रदाताको रोहवरमा खोलिनेछ । बोलपत्रदाताको अनुपस्थितिमा पनि खोल्न बाधा पर्ने छैन ।
३. शिलबन्दी बोलपत्र खरिद गर्ने र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन पूर्व निर्धारित समयमा नै खोलिनेछ ।
४. एक व्यक्ति वा फर्मको नाममा खरिद भएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।
५. बोलपत्रमा दर अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईनेछ ।
६. शिलबन्दी बोलपत्र जमानत वापतको रकम कबोल अंकको २.५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको धरौटी खाता नं. ०७१०८९९६६०००२६ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।
७. रीत नपुगेको, शर्त राखी आएको वा म्याद नाघी प्राप्त हुन आएका बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
८. स्वीकृत भएको बोलपत्रदाताले आसयको सूचना प्राप्त भएको मितिले १० दिन भित्र एकमुष्ट रकम यस कार्यालयको आन्तरिक राजश्व खातामा जम्मा गरी भेडा लगेर जानुपर्नेछ ।
९. बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
१०. व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्र तथा संस्था,सहककारीको हकमा दर्ता नबिकरण लगायत आवश्यक कागजात पेश गर्नुपर्नेछ । बोलपत्र फाराम भरी व्यक्तिको हकमा सहीछाप र संस्थाको हकमा छाप अनिवार्य लगाउनु पर्नेछ ।
११. यस सूचनामा छुट हुन गएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) र स्थानीय तहको आर्थिक ऐन, नियमावली बमोजिम हुनेछ । बोलपत्र सम्बन्धी थप कुरा बुझ्नु परेमा यस कार्यालयको पशु सेवा शाखा (९८६५६४२००९) मा सम्पर्क गर्न सकिनेछ ।

**तपशिलः**

| सि.नं. | सूचना नं. | बिबरण | एकमुष्ठ आधार मुल्य | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | 01/080/81 | भेडा बिक्रि (मुल्य बढाबढको माध्यमबाट) | १०,५६,०००।- (दश लाख छपन्न हजार रुपैयाँ मात्र) | २६,४००।- (छब्बीस हजार चार सय रुपैयाँ) | |

**नि.प्रमुख प्रशासकीय अधिकृत**

## शिखर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**तल्कोट,डोटी**
**सूदुरपश्चिम प्रदेश, नेपाल**

## नदि जन्य प्रदार्थको बिक्रि शुल्क संकलनका लागी बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०७/०२**
**ठेक्का नं.** SMDOTI/080/081/009

स्थानिय सरकार संचालन ऐन २०७४ को प्रतिच्छेद ९ को दफा ६२ (क) अनुसार यस शिखर न.पा.ले आफ्नो क्षेत्रभित्र भएर बग्ने नदिको (*IEE*) गरेको र घाटगद्दी तोकिएका नदि खोलाहरुबाट गिट्टी, बालुवा, भरान, ग्राभिल आदिको कुल संकलन घन मि. ४१८५१.६५ मात्र (बिक्री प्रति घन मि.रु १४१.२६ भ्याट बाहेक) नदि जन्य प्रदार्थको (स्थानिय निर्माण सामग्री) बिक्री गर्न सक्ने प्राबधान बमोजिम आ.व. ०८०।०८१ का लागी सु.प.प्रदेश सरकारको विधेयकबाट तोकिएको दररेट बमोजिम रोयल्टी संकलन गर्न चाहने इजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुको जानकारीका लागी तपशिल बमोजिमको शर्त अधिनमा रही ३० दिने सिलबन्दी बोलपत्र आव्हानको सावजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपशिल शर्तहरु**

१. न्यूनतम ठेक अंक रु. ५९११९६४।०८ (भ्याट बाहेक) कायम गरिएको छ ।
२. ठेक्काको अवधी ठेक्का स्वीकृत भई सम्झौता गरेको मिति देखी २०८१ जेष्ठ १५ गतेसम्म मात्र कायम गरिनेछ ।
३. तोकिएको घाटगद्दी स्थानको सिमा रेखा भन्दा बाहिर गई रोयल्टी संकलन गर्न पाईने छैन, तोकिएको सिमा भन्दा बाहिर गई रोयल्टी अशुली गरिएको जानकारी वा प्रमाण फेला परेमा यस कार्यालयले ठेक्का सम्झौता रद्द गर्न सक्नेछ ।
४. बोलपत्र दाखिला गर्न ईच्छुक फर्म वा कम्पनीहरुले बोलपत्र खरिद वाफतको रकम एभरेष्ट बैक लि. गोपघाट शाखामा यस कार्यालयको नाममा रहेको आन्तरिक राजश्व खाता ०६६००१०६२००००१ मा नगद रु ३०००। (पछि फिर्ता नहुने गरि) जम्मा गरको भौचर समेत संलग्न गरी पेश गर्नू पर्नेछ ।
५. बोलपत्र ३१ औं दिनको १२ बजेभित्र पेश गरि सक्नु पर्नेछ र सोही दिनको २:०० बजे कार्यालय मै खोलिने हुंदा सो समयमा बोलपत्रदाता वा निजको तोकेको व्यक्ति उपस्तिथ हुनु पर्नेछ, उपस्तिथ नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन सो सम्बन्धी काम गरिनेछ ।
७. बोलपत्र दर्ता गर्दा बोलपत्रवालाले आफुले कबुल गरेको ठेक्का अंकको ५ प्रतिशत रकम यस कार्यालयको एभरेष्ट बैक लि.गोपघाट स्थित धरौटी खाता (हि.नं.०६६००१०६२०००००२) मा जम्मा गरेको भौचर पेश गर्नू पर्नेछ । भौचर वा सो रकम बराबरको १२० म्याद भएको बैंक जमानत पत्र पेश गर्नू पर्नेछ ।
८. यस सर्तमा लेखेको कुराहरु यसै बमोजिम र छुटेका कुराहरु बोलपत्र फाराममा उल्लेखित शर्तहरु, यस नगरपालिकाको स्वीकृत सार्वजनिक खरिद नियमावली २०७७, ढुंगा, वालुवा, उत्खनन बिक्री तथा व्यवस्थापन मापदण्ड २०७७, स्थानिय सरकार संचालन ऐन २०७४, नगरसभाले स्वीकृत गरेको आर्थिक ऐन २०७७ र प्रचलित कानून बमोजिम हुनेछ । साथै कार्यगत शर्तका बुधाहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।
९. यस कार्यालयको महालेखा परिक्षणको प्रतिवेदनमा बेरुजु उल्लेख भएका फर्म वा कम्पनीहरुले यस सूचना अनुसार बोलपत्र प्रस्ताव पेश गर्नका लागी भ्याट समायोजन गरेको सम्बन्धित आन्तरिक राजश्व कार्यालयको पत्र पेश गरे पछि मात्र योग्य हुनेछन् । यस व्यहोरा अनुसार सम्बन्धित फर्म वा कम्पनीबाट आफुनो वेरुजु विवरण यस कार्यालयको लेखा शाखामा रहेको महालेखा परिक्षणको प्रतिवेदनबाट हेर्न समेत सुचित गरिन्छ ।
१०. यो सूचना शिखर न.पा.को वेभसाईट *www.shikharmum.gov.np* बाट समेत हेर्न सकिनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

**शिखर नगरपालिका, डोटी**



सम्पादकीय

## चाडका बेला अनुगमन जरुरी

सरकारले दशैंसहित चाडहरूमा चिनीको अभाव हुन नदिने सन्देश सार्वजनिक गरेपनि त्यसको ग्यारेन्टी भने देखिएको छैन । किनकि जुन मात्रामा चिनी बजारमा पठाइएको जानकारी दिइएको छ, त्यसले बजार माग धान्न सकिने देखिदैन । चिनी उत्पादनमा समय लाग्ने भएकाले पनि बजार माग बमोजिम आपूर्ति गर्न समस्या छ भने छिमेकी मुलुक भारतबाट आयात गर्न आवश्यक पहलमा ढिलाइ भइरहेको देखिन्छ । अर्कोतिर अभावको बजार हल्लाले कृत्रिम अभाव अर्को समस्या बन्ने देखिन्छ । यद्यपि सरकारले आवश्यकता भन्दा बढी खरीद नगर्न आग्रह गरिरहेको छ । तर सरकारको आग्रहले भन्दा पनि बजार अनुगमनले अभावलाई केही हदसम्म व्यवस्थापन गर्न सक्छ, यसतर्फ ध्यान जान आवश्यक छ । यस्तो समस्या आउनुको कारण भने सरकारले समयमै ध्यान पुऱ्याउन नसक्नु हो ।

सरकारले आवश्यक काम सही समयमा नगर्दाको अरू थुप्रै समस्या वर्षेनि देखिने गरेको छ । बजारमा कृत्रिम अभाव, सडक दुर्घटना, लुटपाटदेखि आगलागी जस्ता घटना ठूला चाडहरूको समयमा देखिने गरेको छ । तसर्थ चिनी अभावको समस्यालाई नजीर मानेर आवश्यक सावधानी अपनाउन आवश्यक छ । दशैंको मिति नजिकिदै गर्दा राजधानी उपत्यका सहित शहरी क्षेत्रबाट ठूलो संख्यामा मानिसहरू घर फर्किरहेका छन् । राजधानी उपत्यकाबाट मात्रै २० लाख बढी मानिस बाहिरिने अनुमान गरिएको छ । अरू शहरबाट पनि घर फर्कनेको संख्या अधिक हुन्छ । हवाइ यात्राबाट मात्रै सोमबारसम्म सात हजार बढी मानिस घर फर्किसकेका छन् ।

यसरी एकैपटक ठूलो संख्यामा मानिस घर फर्कदा सडकदेखि हवाइ यातायातसम्मको अनुगमन हुन आवश्यक छ । अनुगमनले चर्को मूल्य बृद्धिको समस्या हल हुन्छ भने दुर्घटना रोक्न बल पुग्छ । यदि अनुगमन नगर्ने हो भने जथाभावी मूल्य लिएर क्षमता भन्दा बढी यात्रु चढाउने समस्या हुन्छ । सुरक्षा व्यवस्था बलियो बनाउँदा आपराधिक घटना न्यूनिकरणमा सहयोग पुग्छ । आवश्यक सचेतनाको प्रचारले आगलागी जस्ता दुर्घटनामा न्यूनीकरण आउन सक्छ । तर यी सबै कार्यका लागि सरकारी संयन्त्र चनाखो हुन आवश्यक छ, अरू समय भन्दा बढी क्रियाशील हुनुपर्छ । यी सबैका लागि प्रचारले सहयोग पुग्छ, सरकारको ध्यान त्यसतर्फ जान आवश्यक छ ।

# बदलिँदो परिस्थिति र दशैं

*स्वदेश तथा विदेशमा छरिएर रहेका व्यक्तिहरू एकैपटक घर फर्किने हुँदा आर्थिक गतिविधि पनि ह्वात्तै बढ्ने र हरेक मानिसले आफूले सक्ने जति रकम एकै पटक खर्च गर्ने हुँदा समग्र राष्ट्रको अर्थतन्त्र एकै पटक चलायमान हुने हुँदा यसले समग्र अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पार्दछ ।*

अग्रलेख



● जनक बराल

नेपाली आकाशबाट मनसुन अझै बाहिरिन नसकेको भए पनि शरद ऋतुको आगमनसँगै हाम्रा महान् चाडपर्वहरू फेरि हाम्रो घर दैलोमा हर्ष र उल्लास बोकेर भित्रिसकेका छन् । आश्विन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म मनाइने महान् चाड दशैं कुनै जात र धर्म विशेषको भन्दा पनि सदियौंदेखि सम्पूर्ण नेपाली समाजलाई एकताको सूत्रमा बाँध्न सक्ने एउटा महान् उत्सव पनि हो । के हिमाल, के पहाड, के तराई, के धनी के गरीब, के बालक के वृद्ध दशैं सबैलाई समान भएर आउने गर्दछ नयाँ उमङ्ग र जोस बोकेर ।

जब दशैं भित्रन्छ, सबैभन्दा पहिले मौसम र वातावरणले त्यसको संकेत दिने गर्दछन् । न जाडो, न गर्मी, खुलेको आकाश अनि शान्त वातावरण । जब दशैं भित्रिन्छ पुराना र रङ्ग उग्लिसकेका घरका भित्ताहरू रातोमाटो र कमेरोले रङ्गिन थाल्दछन् । झाडी बनेका बाटाघाटा, खोल्सा अनि लेउ लागेर झारले ढाकेका पर्खाल अनि तगारोले रूप फेर्न थाल्दछन् । सिङ्गो गाउँनै बेहुली झैं सिँगारिन थाल्दछ ।



लिङ्गे पिङ, रोटे पिङ राखे सिङ्गै तिनमा रमाउन देखिने बालबालिकाको भिडले होस् वा आकासमा देखिने चङ्गाका ताँतीले होस् दशैं आगमनको सङ्केत गर्दछन् । चाहे परदेशबाट दशैं मान्न फर्केका परदेशी हुन् वा रोजगारीको सिलसिलामा जिल्ला बाहिर रहेका व्यक्तिहरू गाउँ फिरेसँगै गाउँ भरिभराउ हुन्छ । पसल, चोक अनि चौतारा भरिभराउ हुनेछन् अनि मात्र विधिवतरूपमा दशैं गाउँ भित्रिने गर्दछ । नयाँ कपडा वा सामान किनमेल गर्न सहर झरेका गाउँका मानिसहरू जब मुख्य सहर चोक, राजमार्ग अनि गाउँ ठडिने गोरेटो बाटाहरूमा खचाखच हुन्छन् अनि मात्र साँचै दशैं आएको अनुभुति हुन्छ ।

जब मानिसहरूको जीवन गुजारा गर्ने आधार कृषि मात्रै थियो र मानिसहरू गाउँ केन्द्रित थिए, आम्दानीको एकमात्र स्रोत खेतीपाती थियो, त्यो बेला वर्षभरिको थकाई भुल्ने, मिठो मसिनो खाने र नयाँ कपडा फेर्ने एउटा मात्र अवसरको रूपमा दशैं आउने गर्दथ्यो । धनीदेखि गरीबसम्म हरेकले आफ्नो गक्षअनुसार दिल खोलेर दशैं मनाउँथे र पो दशैं दशैं जस्तो लाग्दथ्यो । मासु खान, मुख फेर्न र एकसरो वस्त्र फेर्न पनि दशैंको प्रतिक्षा गर्नु पर्दथ्यो ।

दशैं एउटा यस्तो महान् चाड हो, जहाँ सबै समेटिन सक्छन् । अलिक हुने खानेले नहुनेलाई सहयोग गर्ने पर्व पनि हो दशैं । वर्षभरिका तिक्तता र दुस्मनीलाई पनि दशैंले मत्थर पार्ने काम गर्दछ । आपसी भाइचारा र सद्भाव बढाउँदै आफूभन्दा मान्यजनको हातबाट टिका तथा आशीर्वाद ग्रहण गर्ने चलन पनि छ, जसले गर्दा आपसी सम्बन्ध प्रगाढ बनाउन मद्दत गर्दछ ।

स्वदेश तथा विदेशमा छरिएर रहेका व्यक्तिहरू एकैपटक घर फर्किने हुँदा आर्थिक गतिविधि पनि ह्वात्तै बढ्ने र हरेक मानिसले आफूले सक्ने जति रकम एकै पटक खर्च गर्ने हुँदा समग्र राष्ट्रको अर्थतन्त्र एकै पटक चलायमान हुने हुँदा यसले समग्र अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पार्दछ । दशैंमा साथीभाइ तथा आफन्त भेटघाट गर्न सजिलो हुने हुँदा परदेसिएकाहरूको झन् दशैं महत्वपूर्ण रहने गर्दछ ।

*बढ्दो आधुनिकीकरण र वैदेशिक रोजगारीमा जाने प्रचलन बढेसँगै नेपाली समाजका आधारभूत मूल्य र मान्यताहरू पनि बिस्तारै बदलिन थालेका छन् । अब नेपाली समाज शहर केन्द्रित बन्न थालेको छ भने गाउँहरू पनि बिस्तारै शहरीकरणको दिशातर्फ अगाडि बढ्दै छन् । जति-जति सूचना प्रविधि र विदेशी संस्कृतिको प्रभाव हाम्रो दैनिक जीवनमा थपिँदै गइरहेका छन् ।*

बढ्दो आधुनिकीकरण र वैदेशिक रोजगारीमा जाने प्रचलन बढेसँगै नेपाली समाजका आधारभूत मूल्य र मान्यताहरू पनि बिस्तारै बदलिन थालेका छन् । अब नेपाली समाज सहर केन्द्रित बन्न थालेको छ भने गाउँहरू पनि बिस्तारै सहरीकरणको दिशातर्फ अगाडि बढ्दै छन् । जति-जति सूचना प्रविधि र विदेशी संस्कृतिको प्रभाव हाम्रो दैनिक जीवनमा थपिँदै गइरहेका छन् । हाम्रा मौलिक चाडपर्व र संस्कारप्रति हाम्रो दृष्टिकोण बदलिन थालेका छन् । या त चाडपर्वको मूल मर्म मासिँदै गइरहेका छन् या ता झन् महङ्गा र भड्किलो बन्दै गइरहेका छन् ।

दशैंको दिनमा आफ्ना छिमेकी र गाउँका सबैभन्दा पाका व्यक्तिका हातबाट टिका थाप्ने चलन बिस्तारै खुम्चिएर घर परिवारमा मात्रै सीमित हुन थालेका छन् । अरुलाई देखाउन होस् या अरुको देखासिकी गर्नलाई होस् आफ्नो हैसियतअनुसार बढी ऋण खोजेरै भए पनि खर्च गर्ने परिपाटी बढ्दो छ । जसले गर्दा कम आम्दानी हुने र गरीब परिवारलाई दशैंले पिरोल्न थालेको छ ।

संसारका कुनै पनि भूगोलमा बसोबास गर्ने मानिसको जीवन धर्म, संस्कृति र चाडपर्वबाट अछुतो रहन सक्दैन । सबै धर्म र सम्प्रदायका आ-आफ्ना चाडपर्व हुने गर्दछन् र मनाउने आफ्नै तौरतरिका पनि । दशैं यस्तो मौलिक पर्व हो, जहाँ एउटा परिवार सिङ्गो समाजसँग जोडिन्छ । पिङ राख्न होस्, चाहे बाटोघाटो सफा गर्न होस्, फूलपाती भित्र्याउन होस्, दुर्गा पूजा गर्न होस्, चाहे खसी काटेर मासु बाँडेर खान होस्, एक आपसमा अन्तरघुलन हुनै पर्दछ । दशैंमा टिका थाप्न हरेक मान्यजनकहाँ जानुपर्ने चलन हुने हुँदा यसले हरेक खाले वैमनस्यता र दूरीलाई कम गर्न भूमिका खेल्दछ । दशैंमा कोही पनि भोको रहँदैन भने सबैभन्दा बयोवृद्ध जेष्ठ नागरिकका हातबाट टिका थाप्न सबै भेला हुन्छन् । जसले जेष्ठ नागरिकको आत्मसम्मान पनि बढाउँदछ ।

विज्ञान र प्रविधिले जतिसुकै फड्को मारेपनि धर्म, संस्कार संस्कृति अनि चाडपर्व बिनाको मानव समाज कल्पना गर्न सकिँदैन । हामीलाई हाम्रा पुर्खाले जे सिकाएर छोडे ती संस्कार र संस्कृतिलाई विकृति रहित बनाएर आफ्ना भावी पुस्तामा हस्तान्तरण गर्नु हाम्रो कर्तव्य र दायित्व पनि हो ।

एउटा संस्कार र संस्कृतिको निर्माण हजारौं वर्षको मेहनत र अनुभवले भएको हुन्छ । जुन शभ्य समाज निर्माणका आधार पनि हुन् । भौतिकवादी बन्ने वा आधुनिक बन्ने नाउँमा हामीले हाम्रा चलिआएका रिती थितिलाई बिर्सदै गयौं भने हाम्रा भावी पुस्ता संस्कार र संस्कृतिबिना यान्त्रिक मानव बन्नेछन् । यो कुरामा समयमै सचेत बन्नु जरुरी छ । दशैंलगायतका अन्य चाडपर्वलाई सभ्य र छरितो ढङ्गले मनाउँदै हाम्रा भावी पुस्तामा त्यसको महत्व र गरिमालाई बुझाउँदै कसरी हस्तान्तरण गर्न सकिन्छ भन्ने बहस आजैबाट शुरु गर्नु जरुरी छ । नत्र भविष्यमा पछुताउनु बाहेक अरु विकल्प रहने छैन ।

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

हमास आतंकवादी हो हैन भिन्नै बहस होला, गाजा अस्पतालमा रकेट आक्रमण गर्ने र पाँच सय बढी सर्वसाधारण मार्ने नेतान्याहु सरकार चाहिँ के हो नि ? आतंकवादी हैन ? गाजामा अरबी जनसंख्या खाली गराएर यहुदी जनसंख्या र बस्ती विस्तार गर्ने जिओनिस्ट अतिवादको पुरानै योजना हो- यो चै नरसंहार हैन ?



**- गोपि कुमार खनाल**

खेतीयोग्य जमिनको खण्डीकरणलाई खुकुलो बनाएर अर्थतन्त्र सप्रदैन, चलायमान हुँदैन । यसले त मुलुकमा दूरगामी प्रतिकुलता थपिदिन्छ। लालपूर्जा आफ्नो नाममा हुँदैमा जहाँपनि जग्गा प्लटिङ्ग गर्ने प्रथा हाम्रो अर्थतन्त्रको सति प्रथा हो । यो अब बन्द हुनुपर्छ ।



**- रञ्जित तामाङ**

जीरा, चिनी, तेल, दाल, चामलमा कालोबजारी गर्ने व्यापारीहरूबाट चन्दा उठाएर राजनीति गरेपछि जनताको पक्षमा बोल्ने आँट कसको ? सत्तापक्ष, प्रतिपक्ष, क्रान्तिको ध्वाँस दिने बाह्रमासे सबैको मुखमा मकैको खोया ठोकेजस्तै चकमन्न छ । सबै पार्टी डाँकाको गलखन्ती भएर निस्किए ।



**- प्रेम मगर**

पूर्व राजा ज्ञानेन्द्र शाह चुपचाप सरकारले तोकेको मर्यादाभित्र बसेर जीवनयापन गरिरहेका छन् । उनमा राजा हुने हुटहुटी पनि देखिँदैन । तर, उनी बाहिर निस्किँदा, बोल्दा किन यो व्यवस्था काँप्न थाल्छ ? पूर्व राजा ज्ञानेन्द्रसँग त्यस्तो छडी के छ, जसले यो व्यवस्थालाई हल्लाउँछ ?

# धर्म परिवर्तन र धार्मिक कट्टरता

विचार



● कृष्ण पौडेल

*पश्चिमीहरुले काम गर्नेजति सबैलाई दास बनाए, तर पूर्वीय हिन्दु समाजले दासहरुलाई पनि जातको रुपमा खण्डिकृत गऱ्यो । र, दासहरुमै पनि फाटो पार्ने काम गऱ्यो । आम जनतालाई पनि ठूलो र सानो बनाएर फाटो पाऱ्यो ता कि उनीहरु पनि लडिरहुन् । खास सत्ता सञ्चालन र निर्णयमा हस्तक्षेप नगरुन् ।*

युरोपका अधिकांश देशले कुनै न कुनै समयमा राजकीय धर्म क्रिश्चियनलाई बनाए । कयौं देशमा अहिले पनि अदालतमा बाइबल छुन लगाइन्छ । त्यहीँ सबैभन्दा लामो समय दास प्रथा कायम रह्यो । जुन धार्मिक समाजले मानिसले मानिसलाई पशु जस्तो गरी किनबेच गर्ने प्रथालाई मान्यता दियो । त्यो धार्मिक समाजले हामीमा मानव समानता छ भनेर भन्नु सर्वथा हाँस्यास्पद कुरा हो ।

शोषणको पूर्वीय दर्शन र पश्चिमी दर्शनमा फरक छ । तर उद्देश्य दुवैको मुठीभर मानिसले धेरै मानिसलाई काबुमा राख्ने र मुठ्ठीभर मानिसको ऐस आरामको जिन्दगीको लागि धेरै मानिसलाई कज्याउने नै हो । मानिसहरूलाई फुटाउन पश्चिमाहरूले तीन तहको वर्ग विभाजन गरे । शाही वर्ग, सामान्य जनता र दास । सम्पूर्ण निर्णयको अधिकार शाही वर्गलाई मात्र हुन्थ्यो । सामान्य जनता भोट मात्र हाल्थे । दासलाई कुनै पनि अधिकार थिएन । त्यस्तै पूर्वी हिन्दु सभ्यताले जातीय विभाजन गऱ्यो । श्रमको प्रकृतिअनुसार जातीय स्वरूप बनायो र अधिकार विभाजन गऱ्यो ।

पश्चिमीहरूले काम गर्नेजति सबैलाई दास बनाए तर, पूर्वीय हिन्दु समाजले दासहरूलाई पनि जातको रूपमा खण्डिकृत गऱ्यो । र, दासहरूमै पनि फाटो पार्ने काम गऱ्यो । आम जनतालाई पनि ठूलो र सानो बनाएर फाटो पाऱ्यो ता कि उनीहरू पनि लडिरहुन । खास सत्ता सञ्चालन र निर्णयमा हस्तक्षेप नगरून् । शोषणको पश्चिमी दर्शनभन्दा पूर्वीय दर्शन अझ परिष्कृत थियो । पश्चिममा पनि क्रिश्चियनहरूले राजालाई भगवानको दुत मान्छन् र पूर्वमा पनि भगवानको दुत नै मान्छन् । तर पश्चिममा भन्दा पूर्वमा गरिखाने मानिसहरूबीच निकै व्यवस्थित अन्तर सिर्जना गरिदिएको भएर क्रान्ति, विद्रोह र परिवर्तन ढिलो भयो । तर, पश्चिममा काम गर्ने सबै मानिसलाई दास बनाएर नकारात्मक समान हैसियत दिएको कारणले उनीहरू बिचमा एकता छिटो हुन सक्यो र विद्रोह र परिवर्तन पनि छिटो भयो ।

क्रिस्चियन मिसन जहाँ-जहाँ पुग्यो ति देश सबैमा उपनिवेश लागू भयो । इन्डिया, अफ्रिका, ल्याटिन अमेरिका, पूर्वी एसिया जति देशहरू उपनिवेश बनाइए । उपनिवेश बनाउनुअघि क्रिस्चियन मिसनरीहरू पुगे र धर्म परिवर्तन गराए । त्यसैले अफ्रिकीहरूको आम उखान छ, 'जहाजमा गोराहरू आए, हामीलाई हातमा बाइबल दिए र आखा चिम्लेर बाइबलका श्लोक भट्याउन लगाए, आँखा खोल्दा हातमा बाइबल थियो तर, देश उनीहरूको कब्जामा थियो ।' यसैले कृश्चियनहरू तपाईंलाई स्वर्ग तार्नको लागि यहाँ आएका होइनन् । उनीहरू तपाईंको प्राकृतिक सम्पदामाथि हक जमाउन यहाँ आएका हुन् । प्रत्यक्ष उपनिवेश खत्तम भए पनि उनीहरूले हार मानेका छैनन् ।

कृश्चियनहरू दलित र जनजातिलाई किन केन्द्रित गर्छन् ? उनीहरूले पहिला छिर्ने चरहरू खोज्छन् । हिन्दु समाजले जनजाति र दलित अनि राज्य र शासकहरूको बिचमा चर होइन भ्वाङ्ग नै पारेर बस्यो । त्यसैले सजिलै त्यो भ्वाङ्गबाट क्रिस्चियन मिसनरीहरू छिरे । जुन समाजमा शोषण र दमन हुन्छ, त्यहीँ समाजमा विद्रोहको सम्भावना बढी हुन्छ । सारा विश्वभरि शासन चलाएका र त्यहाँका जनजातिहरूको स्थिति अध्ययन गरेका पश्चिमाहरूले नेपालमा क्रान्ति र परिवर्तन कति नजिक छ, राम्ररी केलाएका छन् । तीन करोड जनसंख्या भएको देशमा आधाभन्दा बढी नागरिक हेलाहोचोमा पारिनु अहिलेको भूमण्डलीकृत पुँजीवादको लागि कति खतरनाक छ, उनीहरूले राम्रै अन्दाज गरेका छन् । कुनै पनि बेला एउटा झिल्कोले शोषणको सत्ता खरानी हुन सक्छ ।

